# डाक्नेश्वरी नगरपालिकाको आर्थिक ऐन, २०८३

**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

राजश्व परामर्श समितिको बैठकः २०८३।०३।०२ गते
स्वीकृत मितिः २०८३।०३।०९

# डाक्नेश्वरी नगरपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः**

डाक्नेश्वरी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम डाक्नेश्वरी नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ गरि डाक्नेश्वरी नगरपालिका क्षेत्रमा २०८३।०४।०१ गतेदेखि लागु हुनेछ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइनेछ।

३. **भूमिकरः** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइनेछ।

४. **घर बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाईनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइनेछ।

६. **जडीबिुटि, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी मालसामान र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकमा अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइनेछ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने छ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइनेछ।

११. **पार्किङ्ग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने छ।

१२. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाको निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइनेछ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने छ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **कर छुटः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाइएका दस्तुर शुल्क, महशुल, जरिवाना र करका दर घटाउन, बढाउन वा त्यस्ता दस्तुर, शुल्क, महशुल, जरिवाना र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

१५. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

१६. **जरीवानाः** नगरपालिका क्षेत्र भित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहर मैला गर्ने तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई उपप्रमुखको निर्णय वमोजिम रु. ५००/- देखि २५०००/- सम्म जरीवाना गर्न सक्नेछ। तर त्यसरी जरीवाना गर्दा सम्बन्धित व्यक्तिलाई आफ्नो तर्फबाट सफाई पेश गर्ने अधिकारबाट बन्चित गरिने छैन।

१७. **जरीवाना सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवाना लाई सेवासँग आबद्ध गरी अनिवार्य असुलउपर गरी सेवा प्रवाह गर्नु

पर्नेछ। नगरपालिकाले प्रदान गर्ने कुनै पनि सेवा प्रवाह गर्नु पूर्व निज करदाताले नगरपालिकालाई तिर्नुपर्ने कर तिरेको कुरा पुष्टि गर्ने कागजात अनिवार्य रुपमा संकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवाना नलिई कुनैपनि कर्मचारी वा जनप्रतिनिधिले सेवा प्रदान गरेमा सो वापतको कर, शुल्क, दस्तुर तथा जरीवाना सहितका रकममा त्यति नै रकम थप गरी निज जिम्मेवार कर्मचारी तथा पदाधिकारी सँग नगरपालिकाले असुल उपर गर्नु पर्नेछ।

(३) कुनै व्यवसायलाई लाग्ने करका दर यस ऐनको अनुसूचीमा उल्लेख नगरिएको भएमा नगर कार्यपालिकाले सोहि प्रकृतिको अन्य व्यवसायमा लाग्ने करका दरलाई सन्दर्भ लिइ रु. ५००/- देखि २०,०००/- सम्म करको भार पर्ने गरी सो व्यवसायको करको दर निर्धारण गर्न सक्नेछ।

(४) आर्थिक वर्ष २०८१/८२ सम्म बक्यौतामा १०% थप जरिवाना कर लाग्नेछ।

(५) आर्थिक वर्ष २०८०/८१ सम्मको बक्यौतामा २५% थप जरिवाना कर लाग्नेछ।

(६) सो आर्थिक वर्ष भन्दा माथिको बाँकी बक्यौतामा ५०% थप जरिवाना लाग्नेछ।

**१८. जरीवाना तथा सजाय:** (१) यस ऐन बमोजिम आफ्नो कर्तव्यपालना गर्ने सिलसिलामा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिलाई बाधा विरोध गरेमा वा अन्य कुनै रुपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा सो कार्य गर्ने व्यक्तिलाई भौतिक क्षति भएको बाहेक रु. ५,०००/- रुपैयाँ देखि रु. १,००,०००/- रुपैयाँसम्म जरिवानाको सजाय हुनेछ।

**१९. पुरस्कार र सुराकी खर्चका व्यवस्था:** (१) कुनै व्यक्तिले आफ्नो करको दायित्व सम्पूर्ण वा केही अंश छलेको बा छल्ने कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकम मध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको २०% बराबरको रकम नगर कार्यपालिकाको निर्णयले पुरस्कार दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एक भन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना दिने व्यक्तिका नाम, थर र वतन गोप्य राखिनेछ।

(४) यस दफा बमोजिमका सुविधा नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको हकमा लागु हुने छैन।

**२०. बाधा अडकाउ फुकाउन:** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकालाई बाधा अडकाउ फुकाउने अधिकार हुनेछ।

**२१. खारेजी:** यस डाक्नेश्वरी नगरपालिकाले जारी गर्दा अन्य कानूनहरुको व्यवस्था यस ऐनको प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ।

## अनुसूची १
## (ऐनको दफा २ सँग सम्बन्धित (घरजग्गा कर)

**मुल्याङकनको आधारहरु**

**क. जग्गा तर्फः**

मालपोत कार्यालय सप्तरीले रजिष्ट्रेशन पास प्रयोजन निमित्त नगरक्षेत्रमा निर्धारण गरेको न्युनतम दररेटलाई न्यूनतम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ। सो भन्दा माथि दररेट राखी स्वघोषणा गर्ने करदाताको सोहि घोषित दररेटमा मूल्यांकन गरिनेछ।

**ख. घर तथा भौतिक संरचना तर्फः** घर/जग्गा कर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मूल्यांकन गरिनेछ।

**घर/जग्गा करको दर**

| सि.नं. | प्रकार | दररेट वर्गफिट (आ.व. २०८२/०८३) | दररेट वर्गफिट (आ.व. २०८३/०८४) |
|---|---|---|---|
| १ | ५ लाख रुपैयाँ सम्मको मूल्याङ्कन | २५०.०० | २५०.०० |
| २ | ५ लाखदेखि १० लाख सम्मको मूल्याङ्कन | ५००.०० | ५००.०० |
| ३ | १० लाखदेखि २५ लाख सम्मको मूल्याङ्कन | १०००.०० | १०००.०० |
| ४ | २५ लाखदेखि ५० लाख सम्मको मूल्याङ्कन | १५००.०० | १५००.०० |
| ५ | ५० लाखदेखि १ करोड सम्मको मूल्याङ्कन | २५००.०० | २५००.०० |
| ६ | १ करोडदेखि ५ करोड सम्मको मूल्याङ्कन | ३५००.०० | ३५००.०० |
| ७ | ५ करोड भन्दा माथिको मूल्याङ्कन | ५०००.०० | ५०००.०० |

सम्पत्ति कर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा घरको क्षेत्रफल र जग्गाको विवरण खुलाउनु पर्नेछ। करदाताले विवरण पेश गर्दा आफ्नो सबै विवरण नखुलाई पेश गरेको कर विवरण अनुसार कर तिरेको भएता पनि सो कुरा पछि जानकारी हुन आएमा लुकाएको घरजग्गाको विवरण पुनः समावेश गरि कर तिर्न आएकोमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समाबेश गरि सम्पत्ति मूल्याङ्कन गरि कर निर्धारण गरिनेछ। यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिनेछ।

## अनुसूची २
## (ऐनको दफा ३ सँग सम्बन्धित)
**भूमिकर (मालपोत) को कर**

**करको इकाईः (वार्षिक)**

| सि.नं. | मालपोत | जग्गा | | | |
|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चहार |
| १.१ | पिच तथा ढलान बाटो छोएको जग्गा | ८०.०० | ८०.०० | ८०.०० | ८०.०० |
| १.२ | ग्राभेल बाटोले छोएको जग्गा | २५.०० | २५.०० | २५.०० | २५.०० |
| १.३ | कच्ची बाटोले छोएको जग्गा | १५.०० | १५.०० | १५.०० | १५.०० |
| १.४ | बाटोले नछोएको जग्गा | १०.०० | १०.०० | १०.०० | १०.०० |
| १.५ | निजी पोखरी वा पोखरीको डिल (प्रति कट्ठा) | ८०.०० | | | |

***जरिवाना:*** *आ.व. २०८२/०८३ को भएमा दस्तुरसहित थप १०%, आ.व. २०८१/०८२ को भएमा दस्तुरसहित थप २५% र सो भन्दा अगाडी आ.व. को भएमा दस्तुरसहित थप ५०% जरिवाना लाग्नेछ।*

## अनुसूची ३
## (ऐनको दफा ४ सँग सम्बन्धित)
## घर/जग्गा बहाल करको दर

**करको इकाईः (प्रतिशत)**

| सि.नं. | मालपोत | (आ.व. २०८२/०८३) | (आ.व. २०८३/०८४) |
|---|---|---|---|
| १ | घर/जग्गा बहाल कर | १० | १० |

## अनुसूची ४
## (ऐनको दफा ५ सँग सम्बन्धित)
## (वार्षिक व्यवसाय कर)

**१. व्यवसाय करः (वार्षिक)**

| सि.नं. | शिर्षक | आ.व. २०८२/०८३ | (आ.व. २०८३/०८४) |
|---|---|---|---|
| **१** | **होटल, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार** | | |
| | क) खाना नास्ता | ५००.०० | ५००.०० |
| | ख) खाना नास्ता मदिरा समेत | १२००.०० | १२००.०० |
| २ | **होटेल, लज, खाना, नास्ता लज मदिरा समेत** | | |
| | क) १० कोठा सम्म लज | १५००.०० | १५००.०० |
| | ख) १० भन्दा माथि कोठा लज | २५००.०० | २५००.०० |
| | ग) ब्रान्ड लिएका होटल, रिसोर्ट तथा लज समेत | १००००.०० | १००००.०० |
| ३ | **टेन्ट हाउस र क्याटरिङ** | | |
| | टेन्ट हाउस मात्र | १०००.०० | १०००.०० |
| | टेन्ट हाउस र क्याटरिङ समेत | १५००.०० | १५००.०० |
| ४ | **सुनचाँदी रत्न आभुषण पसल** | | |
| | सुनचाँदी रत्न आभुषण पसल | ३०००.०० | ३०००.०० |
| | रत्न आभुषण मात्र | २०००.०० | २०००.०० |
| ५ | **टेलरिङ व्यवसाय** | | |
| | क) सटिङ सुटिङ लेडिज जेन्स (कपडा सहित) | १५००.०० | १५००.०० |
| | ख) टेलरिङ मात्र | ५००.०० | ५००.०० |
| | ग) गार्मेट तथा टेलरिङ उद्योग | २०००.०० | २०००.०० |
| ६ | सैलुन | १०००.०० | १०००.०० |
| ७ | **ब्यूटिपार्लर** | | |
| | क) ब्यूटि पार्लर | १०००.०० | १०००.०० |

| | | | |
|---|---|---|---|
| | ख) व्यूटि पार्लर तालिम समेत दिने | २०००.०० | २०००.०० |
| ८ | **कम्प्युटर व्यवसाय सम्बन्धि** | | |
| | कम्प्युटर विक्रि तथा मर्मत | १५००.०० | १५००.०० |
| ९ | टि.भि., फ्रिज, विक्रि तथा मर्मत | १५००.०० | १५००.०० |
| १० | मोबाइल विक्रि तथा मर्मत | १०००.०० | १०००.०० |
| ११ | रेडियो, टेलिफोन क्यालकु लेटर, घडी, क्यासेट अडियो भिडियो विक्री तथा मर्मत | ५००.०० | ५००.०० |
| १२ | जुत्ता पसल (स्थानीय उत्पादन) | ५००.०० | ५००.०० |
| १३ | जुत्ता पसल (थोक विक्रेता) | १५००.०० | १५००.०० |
| १४ | जत्ता पसल (खुद्रा विक्रता) | १०००.०० | १०००.०० |
| १५ | थोक विक्रेता (किराना पसल) | २०००.०० | २०००.०० |
| १६ | डिलर सिप (किराना पसल) | ३०००.०० | ३०००.०० |
| १७ | खुद्रा विक्रेता (किराना पसल) | १०००.०० | १०००.०० |
| १८ | **औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक)** | | |
| | थोक बिक्रेता | २०००.०० | २०००.०० |
| | खुदा बिक्रेता | १०००.०० | १०००.०० |
| | चस्मा पसल | १०००.०० | १०००.०० |
| १९ | निजी अस्पताल तथा नर्सिङ होम | ५०००.०० | ५०००.०० |
| २० | क्लिनिक तथा ल्याब | १५००.०० | १५००.०० |
| २१ | पोलिक्लिनिक | ३०००.०० | ३०००.०० |
| २२ | डेन्टल क्लिनिक | १०००.०० | १०००.०० |
| २३ | पान पसल | ५००.०० | ५००.०० |
| २४ | ड्राई क्लीनर्स | ५००.०० | ५००.०० |
| २५ | सिनेमा हल | ५०००.०० | ५०००.०० |
| २६ | आर्ट व्यवसाय | ५००.०० | ५००.०० |
| २७ | विजुली पसल थोक विक्रेता | २०००.०० | २०००.०० |
| २८ | विजुली पसल खुद्रा विक्रेता | १०००.०० | १०००.०० |
| २९ | फाटो स्टुडियो (कलर ल्याब) | १५००.०० | १५००.०० |
| ३० | फाटो स्टुडियो | १०००.०० | १०००.०० |
| ३१ | भाडा पसल | १५००.०० | १५००.०० |

| | | | |
|---|---|---|---|
| ३२ | गिप्ट तथा कस्मेटीक पसल | १०००.०० | १०००.०० |
| ३३ | प्लाई, सिसा | १०००.०० | १०००.०० |
| ३४ | फर्निचर फर्निसिङ | २५००.०० | २५००.०० |
| ३५ | पेट्रोल पम्प | २५०००.०० | २५०००.०० |
| ३६ | ग्यास थोक बिक्रेता | १५००.०० | १५००.०० |
| ३७ | साईकल, रिक्सा मर्मत | ५००.०० | ५००.०० |
| ३८ | मोटरसाईकल विक्री | ५०००.०० | ५०००.०० |
| ३९ | मोटरसाईकल मर्मत | १५००.०० | १५००.०० |
| ४० | अटोमेकानिकल, (बस, जिप, कार, टेक्टर पार्टस विक्रि मर्मत) | ३०००.०० | ३०००.०० |
| ४१ | अटोमेकानिकल, (बस, जिप, कार, टेक्टर पार्टस मर्मत) | २०००.०० | २०००.०० |
| ४२ | लेथ सेक्सन तर्फ | १५००.०० | १५००.०० |
| ४३ | पशुपंक्षी आहार उद्योग | २०००.०० | २०००.०० |
| ४४ | फन पार्क | ५०००.०० | ५०००.०० |
| ४५ | **लेखा परीक्षक** | | |
| | क श्रेणीलाई | ३५००.०० | ३५००.०० |
| | ख श्रेणी | २५००.०० | २५००.०० |
| | ग श्रेणी | १५००.०० | १५००.०० |
| | घ श्रेणी | १०००.०० | १०००.०० |
| ४६ | **बैक, फाईनान्स, वित्तिय संस्थाहरु** | | |
| | क. वर्गको बैक वा वित्तिय सस्था | ४००००.०० | ४००००.०० |
| | ख. वर्गको बैक वा वित्तिय संस्था | ३००००.०० | ३००००.०० |
| | ग. वर्गको बैक वा वित्तिय संस्था | २००००.०० | २००००.०० |
| | घ. वर्गको बैक वा वित्तिय संस्था | १००००.०० | १००००.०० |
| ४७ | सहकारी संस्थाको Audit रिपोर्ट अनुसार प्रति एक लाख नाफामा न्यूनतम | १०००.०० | १०००.०० |
| ४८ | सहकारी संस्थाको Audit रिपोर्ट अनुसार प्रति एक देखि २ लाख सम्मको नाफामा (सो भन्दा बढी प्रति लाखको नाफामा ३०० को दरले थप कर लाग्ने) | २०००.०० | २०००.०० |
| ४९ | पउरोटी, बरफ, बिस्कुट तथा दालमोठ उद्योग | १०००.०० | १०००.०० |
| ५० | **निजि शिक्षालय सचालन तर्फ** | | |
| | क्याम्पस | १००००.०० | १००००.०० |
| | मा.वि. | ८०००.०० | ८०००.०० |
| | पूर्व प्राथमिक ३ कक्षा सम्म | ५०००.०० | ५०००.०० |

| | | | |
|---|---|---|---|
| ५१ | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | १०००.०० | १०००.०० |
| ५२ | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग/साबुन तथा डिटरजेन्ट उद्योग | २०००.०० | २०००.०० |
| ५३ | मैनबत्ती तथा अगर बत्ति उद्योग | ५००.०० | ५००.०० |
| ५४ | मसला उद्योग | ५००.०० | ५००.०० |
| ५५ | **परामर्श सेवा** | | |
| | वैदेशिक रोजगार व्यावसाय (म्यान पावर कम्पनी) | १००००.०० | १००००.०० |
| | परामर्श सेवा इन्जीनियरिङप्राविधिक परामर्श सेवा प्रदायक | ५०००.०० | ५०००.०० |
| | शैक्षिक परामर्श सेवा प्रदायक | ३०००.०० | ३०००.०० |
| | कानुनी परामर्श सेवा | ३०००.०० | ३०००.०० |
| ५६ | **मदिरा बिक्रेता** | | |
| | मदिरा थोक विक्रेता | ५०००.०० | ५०००.०० |
| | मदिरा खुद्रा विक्रेता | ३०००.०० | ३०००.०० |
| ५७ | मादल मर्मत तथा बिक्री | ५००.०० | ५००.०० |
| ५८ | सिरक डसना बिक्री | ५००.०० | ५००.०० |
| ५९ | हूयूम पाईप, विद्युत पोल उद्योग | २०००.०० | २०००.०० |
| ६० | झोला तयारी गर्ने उद्योग (प्लाष्टिक झोला उत्पादन गर्न पाईने छैन) | १०००.०० | १०००.०० |
| ६१ | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्बन्धि अन्य व्यवसाय) | २०००.०० | २०००.०० |
| ६२ | फर्निचर उद्योग / समिल | ३०००.०० | ३०००.०० |
| ६३ | फर्निचर उद्योग/सोरुम | ३०००.०० | ३०००.०० |
| ६४ | ग्रील सटर उद्योग | २०००.०० | २०००.०० |
| ६५ | मिल (कुटानि, पिसानि) | १०००.०० | १०००.०० |
| ६६ | चिउरा, भुजा, चामल उद्योग | ३०००.०० | ३०००.०० |
| ६७ | कालिज फर्म | २०००.०० | २०००.०० |
| ६८ | बंगुर फर्म (तोकिएको क्षेत्रमा मात्र) लगायत सोहि प्रकृतीका | २०००.०० | २०००.०० |
| ६९ | माछा पसल | १०००.०० | १०००.०० |
| ७० | बधसाला | ५०००.०० | ५०००.०० |
| ७१ | तरकारी, फलफुल तथा साग सब्जी थोक पसल | १०००.०० | १०००.०० |
| ७२ | तरकारी, फलफुल तथा साग सब्जी विक्रेता खुद्रा पसल | ५००.०० | ५००.०० |
| ७३ | अण्डा पसल | ५००.०० | ५००.०० |

| | | | |
|---|---|---|---|
| ७४ | **ईट्टा उद्योग** | | |
| | ईट्टा उद्योग चिम्नी भएको | १०००००.०० | १०००००.०० |
| ७५ | छाला संकलन तथा बिक्री | २०००.०० | २०००.०० |
| ७६ | ईट्टा, ढुंगा, बालुवा, तथा संकलन (डिपो) | ३०००.०० | ३०००.०० |
| ७७ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १०००.०० | १०००.०० |
| ७८ | हार्डवेयर्स पसल (इटा राडा सहित अन्य) | ५०००.०० | ५०००.०० |
| ७९ | हार्डवेयर्स पसल | ४०००.०० | ४०००.०० |
| ८० | मेटलको भाडा बनाउने व्यवसाय | ५००.०० | ५००.०० |
| ८१ | स्टेश्नरी पसल थोक विक्रेता | २०००.०० | २०००.०० |
| ८२ | स्टेश्नरी पसल खुद्रा विक्रेता | १०००.०० | १०००.०० |
| ८३ | आईरन व्यवसाय | ५००.०० | ५००.०० |
| ८४ | फाटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कुरियर | १०००.०० | १०००.०० |
| ८५ | कम्प्युटर, ड्राईभिङ तथा अन्य ईन्ष्टीच्युट | २०००.०० | २०००.०० |
| ८६ | कपडा पसल फेन्सि पसल थोक | २०००.०० | २०००.०० |
| ८७ | कपडा पसल फेन्सि पसल खुद्रा | १०००.०० | १०००.०० |
| ८८ | डिजिटल छापाखाना (अपसेट प्रेस) | २०००.०० | २०००.०० |
| ८९ | साईबर, नेट, गेम सेन्टर फोन सेवा (कम्युनिकेसन सेवा) | १०००.०० | १०००.०० |
| ९० | **निर्माण व्यवसायी श्रेणी इजाजत** | | |
| | क. श्रेणी | १००००.०० | १००००.०० |
| | ख. श्रेणी | ८०००.०० | ८०००.०० |
| | ग. श्रेणी | ६०००.०० | ६०००.०० |
| ९१ | **"घ" वर्ग निर्माण व्यवसायी इजाजत दर्ता र नविबरण** | | |
| | दर्ता | ८०००.०० | १००००.०० |
| | इजाजत | ५०००.०० | ५०००.०० |
| | नवीकरण | २०००.०० | ३०००.०० |
| | नविकरण थप दस्तुर | १०००.०० | २०००.०० |
| | प्रतिलिपी | ५००.०० | ५००.०० |
| | नामसारी | २०००.०० | २०००.०० |
| | जरिवाना (कार्यविधिमा तोकिए बमोजिम) | | |

| | | | |
|---|---|---|---|
| ९२ | रासायनिक मल, विउ विजन, किटनाशक औषधि, दाना, चल्ला, बिक्री भेटेनरी समेत | २०००.०० | २०००.०० |
| ९३ | कृषि सामाग्री विक्री केन्द्र / शीत भण्डार | २०००.०० | २०००.०० |
| ९४ | एग्रोभेट | २०००.०० | २०००.०० |
| ९५ | भिडीयो मिक्सीङ, | १५००.०० | १५००.०० |
| ९६ | ट्यूसन सेन्टर | १५००.०० | १५००.०० |
| ९७ | मेशीनरी सामान, बेरिङ रिपेरिङ तथा बिक्री (मोटर, जेनेटर आदि) | २०००.०० | २०००.०० |
| ९८ | कृषि उपकरण मर्मत तथा विक्री | ५००.०० | ५००.०० |
| ९९ | रेमिटेन्स सेवा क श्रेणी | ३०००.०० | ३०००.०० |
| १०० | कवाडी ब्यबसाय | ३०००.०० | ३०००.०० |
| १०१ | टुर्स एण्ड ट्राभल्स | ३०००.०० | ३०००.०० |
| १०२ | कुरियर तथा कार्गो सेवा | १०००.०० | १०००.०० |
| १०३ | ट्रान्सपोर्ट सेवा | २०००.०० | २०००.०० |
| १०४ | वडा कार्यालय हल भाडा (प्रतिदिन) | ५००.०० | ५००.०० |
| १०५ | जडिबुटी वनजन्य उद्योग (खोटो लगायत) | १५००.०० | १५००.०० |
| १०६ | बैकल्पीक उर्जा (गोबरग्यास, सोलार) | १५००.०० | १५००.०० |
| १०७ | **वीमा कम्पनी** | | |
| | जीवन वीमा कम्पनी | २००००.०० | २००००.०० |
| | निजिवन विमा कम्पनी | १५०००.०० | १५०००.०० |
| १०८ | रङ रोगन पसल | २०००.०० | २०००.०० |
| १०९ | **अटो रिक्सा संचालन गर्न अटो रिक्सा सवारी साधन प्रचलित कानुन बमोजिम दर्ता गर्ने निकायमा दर्ता भई नगरपालिका क्षेत्रमा व्यवसाय गर्न निवेदन दर्ता गर्न आउने व्यवसायीलाई लगाइने कर** | | |
| | पहिलो पटक बाटो इजाजत | ५०००.०० | ५०००.०० |
| | नवीकरण बाटो इजाजत (प्रस्तावित) | २०००.०० | २०००.०० |
| ११० | पोल्ट्री सप्लायर्स (दाना चल्ला विक्रेता) | २०००.०० | २०००.०० |
| १११ | व्यवसायिक पोल्ट्री फर्म (५०० वटा चल्ला भन्दा वढी) | ३०००.०० | ३०००.०० |
| ११२ | **कृषि व्यवसाय** | | |
| | कृषि फर्म | ५००.०० | ५००.०० |
| | माछा पालन | ५००.०० | ५००.०० |
| | पोल्ट्री फर्म (५०० वटा चल्ला भन्दा कम) | ५००.०० | ५००.०० |

| | | | |
|---|---|---|---|
| | भैसी फर्म | ५००.०० | ५००.०० |
| | बाख्रा फर्म | ५००.०० | ५००.०० |
| | गाई फर्म | ५००.०० | ५००.०० |
| | अन्य | ५००.०० | ५००.०० |
| ११३ | **सहकारी संस्था (दर्ता एवम् सिफारिस पनि व्यवसाय कर सरह लाग्नेछ)** | | |
| | क) संघ मातहत | ५०००.०० | ६०००.०० |
| | ख) प्रदेश मातहत | ४०००.०० | ५०००.०० |
| | ग) नगरपालिका मातहत | | |
| | १) वचत तथा ऋण | ५०००.०० | ५०००.०० |
| | २) कृषि सहकारी | १०००.०० | १०००.०० |
| | ३) बहुउदेश्य सहकारी | ५०००.०० | ५०००.०० |
| | ४) पर्यटन सहकारी | ३०००.०० | ३०००.०० |
| ११४ | **मासु पसल** | | |
| | क) भेडा, च्याङ्गा र खसी बोका | १५००.०० | १५००.०० |
| | ख) रागाँ भैसी | १५००.०० | १५००.०० |
| | ग) बंगुर, सुंगुर | १५००.०० | १५००.०० |
| | घ) पंक्षी जाती | १५००.०० | १५००.०० |
| ११५ | कृषक समुह दर्ता / नविकरण | ५००.०० | ५००.०० |
| ११६ | ह्याचरी उद्योग | ५०००.०० | ५०००.०० |

**२. यस नगरपालिका भित्र रहेका प्राकृतिक श्रोत, उत्खन्न तथा प्रशोधन कारखानामा लाग्ने स्थानीय कर**

| | |
|---|---|
| सार्वजनिक नदी खोला किनाराका ढुंगा गिट्टी बालुवा ग्रावेल, रोडा माटो चुनढुंगा स्लेट उत्खन्न संकलन विक्री तथा निकासी | प्रदेश सरकारबाट तोकिए बमोजिम |

**सिफारिस निःशुल्क व्यवस्थाः**

| | | | |
|---|---|---|---|
| १ | अपाङ्गताको सिफारिस | | |
| २ | विपद परेको भनि राहतका लागि सिफारिस | | |
| ३ | नसर्ने कडा तथा असाध्य रोगको निःशुल्क उपचारको लागि विपन्न भनि सिफारिस | | |
| ४ | विपन्न र एकल महिला सिफारिस गर्दा | | |
| ५ | छात्रवृत्ती सिफारिस | | |

**१. व्यवसाय नवीकरण तर्फ**

| **क) व्यवसायको नवीकरण गर्दा दर्ता शुल्क बराबर लाग्नेछ।** |
|---|

**उद्योग दर्ता तथा नवीकरण**

औद्योगिक व्यवसाय ऐन बमोजिम लघुउद्यमको हकमा प्रमाण-पत्र लिएमा थप दस्तुर रु. ५००/- (स्थानीय प्राइभेट फर्म दर्ता नविकरण प्राइभेट फर्म सम्बन्धी प्रचलित मापदण्ड बमोजिम)

नोटः माथि उल्लेखित बाहेक छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा शुल्क लिने।

## अनुसूची ५
## (ऐनको दफा ६ सँग सम्बन्धित)

**(निषेधित बाहेकका जडिबुटि तथा जिवजन्तु सम्बन्धी कर)**

**तपसिल**

| | |
|---|---|
| १. खोटे- २००० (प्रति ५ रुख पूर्व अनुमति लिई) | २. ऊन- १५०० (प्रति १५ के.जी.) |
| ३. जडिबुटी- १५०० (प्रति १० के.जी.) | ४. हाड, सिंङ्ग- १५०० (प्रति टन) |
| ५. छाला- १५०० (प्रति १० छाला) | ६. प्वांख- ५०० (प्रति क्वीन्टल) |
| ७. बनकस- ५० (प्रति क्वीन्टल) | |

## अनुसूची ६
## (ऐनको दफा ७ सँग सम्बन्धित)
## (सवारी साधन कर)

**(क) पटके सवारी कर (प्रति साधन) नगरपालिकाले बनाएको सडकमा**

| | | |
|---|---|---|
| (क) बस, मिनी बस, माइक्रो बस, कार, जिप | ५०.०० | ५०.०० |
| (ख) ट्रक, लहरी आदि हेवी सवारी वार्षिक | ४०.०० | ४०.०० |
| (ग) ई रिक्सा | ३०.०० | ३०.०० |
| (घ) निजी कार तथा जिप | २५.०० | २५.०० |
| (ङ) ठेलागाडा, रिक्सा वार्षिक | १०.०० | १०.०० |
| (च) मोटरसाइकल | ५.०० | ५.०० |

## अनुसूची ७
## (ऐनको दफा ८ सँग सम्बन्धित)
## (विज्ञापन कर)

**१. विज्ञापन तथा परिचय पाटी (नगरपालिकाले निषेध नगरेको क्षेत्रमा)**

| | | | |
|---|---|---|---|
| १.१ | जुनसुकै स्थानमा व्यवसाय राखी नगरपालिका क्षेत्रमा विज्ञापन, ब्यानर, फलेक्स तथा अस्थायी सामानको प्रयोग प्रति वर्ग फिट | ५०.०० | ५०.०० |
| १.२ | डिजिटल फलेक्स बोर्ड प्रति फुट | ५५.०० | ५५.०० |
| १.३ | वाल पेन्टिङ्ग प्रति वर्गफिट | ० | ३०.०० |
| १.४ | सटर पेन्टिङ्ग प्रति वर्गफिट | ० | १५.०० |
| १.५ | आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेर साइनबोर्डको कर नलाग्ने। | | |

## अनुसूची ८
### (ऐनको दफा ९ सँग सम्बन्धित)
### (मनोरञ्जन कर)

**१. मनोरञ्जन कर (प्रति दिन)**

| सि.नं. | विवरण | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
|---|---|---|---|
| १.१ | सर्कस, जादु देखाए वापत | १०००.०० | १०००.०० |
| १.२ | व्यवसायिक भिडियो देखाए वापत | १०००.०० | १०००.०० |

**२. व्यवसायको लागि**

| सि.नं. | विवरण | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
|---|---|---|---|
| १. | नगर क्षेत्रभित्र संचालित व्यवसायिक केबुल व्यवसायमा वार्षिक | रु. ८०००.०० | रु. ८०००.०० |
| २. | इन्टरनेट सेवा प्रदायक संस्था | रु. १००००.०० | रु. १००००.०० |
| ३. | डिस- होम | रु. १५०००.०० | रु. १५०००.०० |

## अनुसूची ९
### (ऐनको दफा १० सँग सम्बन्धित)
### (बहाल बिटौरी कर)

**१ बहाल विटौरी कर**

| | | | |
|---|---|---|---|
| क. | नगरपालिका क्षेत्रभित्रका सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी व्यवसाय गर्न दिए वापत मासिक विटौरी कर | वर्गफिट | ५.०० |
| ख. | ऐलानी जग्गा वा बाटोको छेउमा खेतीपाती गरे वापत खेतको वार्षिक | प्रति कठ्ठा | ३५०.०० |
| ग. | ऐलानी जग्गा वा बाटोको छेउमा घर टहरा बनाई व्यवसाय गरी बसेकोमा वार्षिक | प्रति धुर | २००.०० |
| **२** | **अस्थायी हाटबजारमा लाग्ने कर** | | |
| क. | किराना पसल | प्रति पसल | ४०.०० |
| ख. | मट्टीतेल | प्रति ड्रम | २०.०० |
| ग. | माछा पसल | प्रति पसल | ५०.०० |
| घ. | सुकुटी | प्रति पसल | २०.०० |
| ङ. | कपडा पसल | प्रति पसल | ४०.०० |
| च | चियानास्ता पसल | प्रति पसल | २०.०० |
| छ | पान पसल | प्रति पसल | १०.०० |
| ज | खोन्चा पसल/ढकी पसल | प्रति पसल | २०.०० |
| झ | तरकारी पसल | प्रति पसल | २०.०० |

| | | | |
|---|---|---|---|
| ञ | मासु पसल(खसी)/सुँगुर | प्रति पसल | १००.०० |
| ट | मासु पसल(कुखुरा) | प्रति पसल | ५०.०० |
| ठ | कस्मेटिक पसल | प्रति पसल | २०.०० |
| ड | हजाम | प्रति व्यक्ति | १०.०० |
| ढ | ताडी बेच्ने | प्रति पसल | १०.०० |
| ण | बाख्रा, खसी, बोका | प्रति गोटा | २०.०० |
| त | सुँगुर | प्रति गोटा | ५०.०० |
| थ | भैँसी, राँगा | प्रति गोटा | १००.०० |
| द | गाई, गोरु | प्रति गोटा | १००.०० |
| ध | माटोको भाडा | प्रति पसल | २०.०० |
| न | अन्य भाडा पसल | प्रति पसल | ४०.०० |
| प | जुता चप्पल | प्रति पसल | ४०.०० |
| फ | चामल आदीको पिठो | प्रति पसल | १०.०० |
| ब | परेवा जोडी | प्रति जोडी | २०.०० |
| भ | हाँस, कुखुरा | प्रति गोटा | ३०.०० |
| म | चिउरा भुजा | प्रति पसल | २०.०० |
| य | लुगा सिउने | प्रति पसल | २०.०० |
| र | लसुन प्याज खोर्सानी बेच्ने | प्रति पसल | २०.०० |
| ल | गुन्द्री, डोरी | प्रति पसल | २०.०० |
| व | सुर्ती, खैनी | प्रति पसल | ३०.०० |
| श | तरकारीको बिउ विजन | प्रति पसल | २०.०० |
| ष | प्लाष्टिकको बोरा | प्रति पसल | २०.०० |
| स | चना चटपटे | प्रति पसल | २०.०० |
| ह | भक्का, चप, प्याजी पकौडा | प्रति पसल | २०.०० |
| क्ष | फलफुल | प्रति पसल | ३०.०० |
| त्र | फोटो किताब | प्रति पसल | १०.०० |
| ज्ञ | मसाला बेसार | प्रति पसल | १०.०० |
| क | अण्डा | प्रति पसल | १०.०० |
| का | टहराको दोकान | प्रति पसल | ५०.०० |
| कि | माथि उल्लेखित बाहेक अन्य | प्रति पसल | न्यूनतम रु. २० देखि १५०० सम्म |

## अनुसूची १०
## (ऐनको दफा ११ सँग सम्बन्धित)
## (पार्किङ्ग शुल्क)

**१. पार्किङ्ग स्थलमा सवारी पार्किङ्ग गरे वापत लिइने पार्किङ्ग शुल्क**

| सि.नं. | विवरण | | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
|---|---|---|---|---|
| १ | बस, ट्रक लगायत ठुला सवारी साधन | - | १००.०० | १००.०० |
| २ | कार/जिप/भ्यान | - | ५०.०० | ५०.०० |
| ३ | मोटरसाईकल | - | २०.०० | २०.०० |

**२. निषेधित क्षेत्रमा पार्किङ्गको लागि जरिवाना**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १ | मोटरसाईकल | १००.०० |
| २ | कार, भ्यान | २००.०० |
| ३ | ठुला सवारी साधन | ५००.०० |

## अनुसूची ११
## (ऐनको दफा १२ सँग सम्बन्धित)
## (सेवा शुल्क)

**१. सेवा शुल्क**

| सि.नं. | सेवाको किसिम | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
|---|---|---|---|
| १ | पक्की घरको सर्जमिन मुचुल्का वापत | ५००.०० | ५००.०० |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन मुचुल्का वापत (पशुसेवा बाहेक) | ५००.०० | ५००.०० |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याङ्कन रकमको ०.१% | |
| ४ | निजी विद्यालयको दर्ता सिफारीस शुल्क | १०००.०० | १०००.०० |
| ५ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | २५०.०० | २५०.०० |
| ६ | टोल विकास समिति दर्ता शुल्क/नविकरण | १००.०० | १००.०० |
| ७ | स्थलगत प्राबिधिक सेवा शुल्क | ५००.०० | ५००.०० |
| ८ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | ५००.०० | ५००.०० |
| ९ | कृषि / पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | ५००.०० | ५००.०० |

| | | | |
|---|---|---|---|
| १० | **ब्याक हो लोडर** | | |
| | (क) डाक्नेश्वरी नगरपालिका क्षेत्र भरि प्रति घण्टा (इन्धन बाहेक) | ० | ८००.०० |
| | (ख) डाक्नेश्वरी नगरपालिका क्षेत्र बाहिर प्रति घण्टा (इन्धन बाहेक) | ० | १०००.०० |
| ११ | सभा हल उपयोग शुल्क (प्रति दिन) | १५००.०० | १५००.०० |
| १२ | **सेफ्टी ट्याङ्की**ः सेफ्टी ट्याङ्की (नगरपालिका भन्दा बाहिरको लागि) प्रति टिप | २५००.०० | २५००.०० |
| १३ | **सेफ्टी ट्याङ्की**ः सेफ्टी ट्याङ्की (वडा नं. १, २, ३, ८ र १० को लागि) प्रति टिप | २०००.०० | २०००.०० |
| १४ | **सेफ्टी ट्याङ्की**ः सेफ्टी ट्याङ्की (वडा नं. ४, ५, ६ र ७ को लागि) प्रति टिप | १५००.०० | १५००.०० |
| १५ | पानी ट्याङ्की प्रयोग वापत शुल्क (प्रति घण्टा) | १०००.०० | १०००.०० |

**२. विभिन्न प्रमाणित तथा सिफारिस दस्तुर**

| सि.नं. | सेवाको किसिम | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
|---|---|---|---|
| १ | घरवाटो साँध सीमाना प्रमाणित | ५००.०० | ५००.०० |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस | १००.०० | १००.०० |
| ३ | तमसुक प्रमाणित | ० | २००.०० |
| ४ | जग्गा नामसारी सिफारिस | ५००.०० | ५००.०० |
| ५ | नाम, थर संशोधन सिफारिस | १००.०० | १००.०० |
| ६ | **घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर** | | |
| | कुल क्षेत्रफल ३००० वर्गफिट सम्म | प्रति फिट रु. १.०० | |
| | सो भन्दा माथि | प्रति फिट रु. २.०० | |
| | व्यापारिक भवन निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरमा | ५० प्रतिशत थप लाग्ने | |
| | संस्थागत हाउजिङ प्रयोजनको लागि भवन निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरमा | १०० प्रतिशत थप लाग्ने | |
| | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | १००.०० | १००.०० |
| | भुकम्प पिडिका १७ डिजाइन भित्रको सम्पन्न प्रमाण पत्रको | १००.०० | १००.०० |
| ७ | **अन्य प्रयोजनको लागि घर कायम सिफारिस दस्तुर** | | |
| | १००० वर्ग फिट सम्म | ५००.०० | ५००.०० |
| | १००० देखि २००० वर्ग फिट सम्म | १०००.०० | १०००.०० |
| | २००० देखि ३००० सम्म | १५००.०० | १५००.०० |
| | ३००० देखि ४००० सम्म | २०००.०० | २०००.०० |
| | सो भन्दा माथि | २५००.०० | २५००.०० |
| | घर कायम (कच्ची घर) | २००.०० | २००.०० |

| | | | |
|---|---|---|---|
| | घर नक्सा नामसारी पक्की (एकाघर) | ५००.०० | ५००.०० |
| | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा) | १०००.०० | १०००.०० |
| | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | २००.०० | २००.०० |
| | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १००.०० | १००.०० |
| | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर (व्यवसायिक) | ५००.०० | ५००.०० |
| | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००.०० | १०००.०० |
| ८ | विद्युत जडानको सिफारिस तथा नामसारी दस्तुर | १००.०० | १००.०० |
| ९ | निजी धारा वा टेलिफोन जडान सिफारिस दस्तुर | १००.०० | १००.०० |
| १० | बैदेशिक रोजगारको लागि सिफारिस | २५०.०० | २५०.०० |
| ११ | परिवार ल्याएको/लगेको सिफारिस | २५०.०० | २५०.०० |
| १२ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | २५०.०० | २५०.०० |
| १३ | नाता प्रमाणित दस्तुर (नेपालीमा) | १५०.०० | १५०.०० |
| १४ | नाता प्रमाणित दस्तुर (अंग्रेजीमा) | ३००.०० | ३००.०० |
| १५ | निवेदन दस्तुर | २०.०० | २०.०० |
| १६ | जन्म प्रमाणित | १५०.०० | १५०.०० |
| १७ | करचुक्ता प्रमाणित | २५०.०० | २५०.०० |
| १८ | विवाहित / अविवाहित प्रमाणित | १५०.०० | १५०.०० |
| १९ | निवेदन फाराम | २०.०० | २०.०० |
| २० | नाता प्रमाणित निवेदन फाराम | २०.०० | २०.०० |
| २१ | नागरिकता फाराम | २०.०० | २०.०० |
| २२ | नक्सा दर्ता किताब | ५००.०० | ५००.०० |
| २३ | सूचिकृत दर्ता | ५००.०० | ५००.०० |
| २४ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | २५०.०० | २५०.०० |
| २५ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | १००.०० | १००.०० |
| २६ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १०००.०० | १०००.०० |
| २७ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन सिफारिस | २००.०० | २००.०० |
| २८ | सम्बन्ध विच्छेदको सिफारिस | १००.०० | १००.०० |
| २९ | ठुला उद्योग स्थापनाको सिफारिस | ५०००.०० | ५०००.०० |
| ३० | मझौला उद्योग स्थापनाको सिफारिस | २५००.०० | २५००.०० |
| ३१ | साना तथा घरेलु उद्योगको सिफारिस | १०००.०० | १०००.०० |
| ३२ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | १००.०० | १००.०० |

| | | | |
|---|---|---|---|
| ३३ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००.०० | १००.०० |
| ३४ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००.०० | ५००.०० |
| ३५ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १०००.०० | १०००.०० |
| ३६ | अपुताली सिफारिस (नेपालको लागि) | ५००.०० | ५००.०० |
| ३७ | अपुताली सिफारिस (विदेशको लागि) | १०००.०० | १०००.०० |
| ३८ | व्यक्तिगत घटनादर्ता, प्रमाणित, सेवा शुल्क ३५ दिन पछि जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, अविवाहीत, बसाइसराइ) प्रमाणित तथा सिफारिस (३५ कटेपछी) | ३५ दिन सम्म : निःशुलुक<br>३६ दिनदेखि : रु. २०० (विलम्ब)<br>- व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी शुल्क रु. ५०० (प्रत्येक पटक)<br>- व्यक्तिगत घटना तथा नागरिक अभिलेखदर्ता किताब हेरेर दस्तुर रु. २०० (प्रत्येक पटक) | |
| ३९ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००.०० | २००.०० |
| ४० | अंग्रेजीमा सिफारीस | २५०.०० | २५०.०० |
| ४१ | चार किल्ला प्रमाणित (५ कट्ठा सम्म) | ३००.०० | ३००.०० |
| ४२ | चार किल्ला प्रमाणित (५ कट्ठादेखि १५ कट्ठा सम्म) | ५००.०० | ५००.०० |
| ४३ | चार किल्ला प्रमाणित (१५ कट्ठादेखि माथि प्रति कट्ठा थप) | ५०.०० | ५०.०० |
| ४४ | कन्सुलर प्रमाणिकरण | ५००.०० | ५००.०० |
| ४५ | मालपोत/ सम्पत्ति कर रसिदको प्रतिलिपि प्रमाणित | १००.०० | १००.०० |
| ४६ | आयश्रोत प्रमाणित सिफारिस | ५००.०० | ५००.०० |
| ४७ | सामाजीक सुरक्षा भत्ताको पट्टा प्रतिलिपी | १००.०० | १००.०० |
| **४८** | **होटल व्यवसाय (वार्षिक)** | | |
| ४९ | क वर्गका लागि | ६०००.०० | ६०००.०० |
| ५० | ख वर्गका लागि | ४८००.०० | ४८००.०० |
| ५१ | ग वर्गका लागि | ३६००.०० | ३६००.०० |
| ५२ | साना होटेल रेष्टुरा र गेष्टहाउस खाना सहित | १०००.०० | १०००.०० |
| ५३ | साना जलपान गृह, खाजाघर | ५००.०० | ५००.०० |
| ५४ | मदिरा सहित भएमा थप | १०००.०० | १०००.०० |
| ५५ | तरकारी तथा फलफुल पसल | १०००.०० | १०००.०० |
| **५६** | **निजी अस्पताल र नर्सिङ्ग होम (वार्षिक)** | | |
| | मुख्य बजार केन्द्रमा अवस्थित | २४०००.०० | २४०००.०० |
| | सो बाहेकको स्थानमा अवस्थित | १२०००.०० | १२०००.०० |
| **५७** | **शिक्षण संस्था निजी (वार्षिक)** | | |
| | विश्वविद्यालय | २४०००.०० | २४०००.०० |

| | | | |
|---|---|---|---|
| | क्याम्पस | ३६००.०० | ३६००.०० |
| | माध्यमिक विद्यालय | २४००.०० | २४००.०० |
| | आधारभूत विद्यालय | १२००.०० | १२००.०० |
| | निजी विद्यालय सञ्चालनको सिफारिस | २०००.०० | २०००.०० |
| | निजी विद्यालय कक्षा थपको सिफारिस | १५००.०० | १५००.०० |
| ५८ | **नक्सा पास दस्तुर (नयाँ तथा पुरानो) (प्रति वर्ग फुट)** | | |
| | आवासिय प्रयोजनको लागि १००० वर्गफुट सम्म | ३.०० | ३.०० |
| | आवासिय प्रयोजनको लागि १००० वर्गफुट भन्दा माथि | ४.०० | ४.०० |
| | व्यवसायिक प्रयोजनको लागि १००० वर्ग फुटसम्म | ५.०० | ५.०० |
| | व्यवसायिक प्रयोजनको लागि १००० वर्ग फुट भन्दा माथि | ६.०० | ६.०० |
| | कम्पाउण्ड वाल | २.०० | २.०० |

| | | | |
|---|---|---|---|
| ५९ | **सिफारिस तथा बक्सौनी दस्तुर** | | |
| | **सामान्य सिफारिसहरु (प्रति थान)** | | |
| | नाम थर संशोधन सिफारिस | १००.०० | १००.०० |
| | गैर आवासीय नागरिकता सिफारिस | ० | १०००.०० |
| | नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस | १००.०० | १००.०० |
| | अंगिकृत नागरिकता सिफारिस | १००.०० | १००.०० |
| | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित | २५०.०० | २५०.०० |
| | अंश बण्डा सिफारिस | १००.०० | १००.०० |
| | संघ/संस्था दर्ता सिफारिस | १०००.०० | १०००.०० |
| | साधारण विविध सिफारिस | १००.०० | १००.०० |
| | जिवितसँगको नाता प्रमाणित | १५०.०० | १५०.०० |
| | मृतक जग्गा नामसारी सिफारिस दस्तुर | ० | २००.०० |
| | कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने | १००.०० | १००.०० |
| | नाम, थर, जन्म मिति संशोधनको सिफारिस | १००.०० | १००.०० |
| | जिवित रहेको सिफारिस | १५०.०० | १५०.०० |
| | छात्रवृत्ति सिफारिस | १५०.०० | १५०.०० |
| | तीन पुस्ते फोटो टाँस सिफारिस | २५०.०० | २५०.०० |
| | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | ५००.०० | ५००.०० |

| | | | |
|---|---|---|---|
| | हकवाला र हकदार प्रमाणित | १५०.०० | १५०.०० |
| | परीक्षा शुल्क (अधिकृत स्तर) | १०००.०० | १०००.०० |
| | परीक्षा शुल्क (सहायक स्तर) | ५००.०० | ५००.०० |
| | दरभाउपत्र फाराम बिक्री | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम | |
| | बोलपत्र फाराम बिक्री | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम | |
| | नक्सापास किताब बिक्री | ५००.०० | ५००.०० |
| ६० | **जग्गा नामसारी सिफारिस (प्रति थान)** | | |
| | जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस | ५००.०० | ५००.०० |
| | घर जग्गा नामसारी सिफारिस | २००.०० | २००.०० |
| | मोही नामसारी सिफारिस | ५००.०० | ५००.०० |
| | घर पताल प्रमाणित गर्ने | १५०.०० | १५०.०० |
| | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १५००.०० | १५००.०० |
| | जग्गा धनी प्रमाणपुर्जा हराएको सिफारिस | २५०.०० | २५०.०० |
| | जग्गाधनी पुर्जामा फोटो टाँस सिफारिस | ० | २५०.०० |
| | गाउँ ब्लक जग्गाधनी पुर्जा सिफारिस | ० | २५०.०० |
| | कित्ताकाट सिफारिस | १५०.०० | १५०.०० |
| | जग्गाको हक सम्बन्धमा सिफारिस | १५०.०० | १५०.०० |
| | जग्गा मुल्याङ्कन सिफारिस | १५०.०० | १५०.०० |
| | मोही लगत कट्टा सिफारिस प्रति कट्टा | ५००.०० | ५००.०० |
| | मोही नामसारी सिफारिस | ५००.०० | ५००.०० |
| | प्लटिङ्ग सिफारिस | प्रति कट्ठा रु. १०००.०० | |
| **६१** | **उद्योग दर्ता सिफारिस** | | |
| | रु. १० लाख सम्म पुँजी लगानी हुनेमा | १०००.०० | १०००.०० |
| | त्यसपछि प्रति १० लाखमा थप | ५००.०० | ५००.०० |
| | डिलरसिप सिफारिस | १०००.०० | १०००.०० |
| | उद्योग ठाउँसारी सिफारिस | १०००.०० | १०००.०० |
| **६२** | **घर ब्लक नम्बर दस्तुर (प्रति थान)** | | |
| | घर ब्लक नम्बर नयाँ | २५०.०० | २५०.०० |
| | घर ब्लक नम्बर नामसारी | २५०.०० | २५०.०० |
| ६३ | **वार्षिक आम्दानी प्रमाणित दस्तुर (कुल मुल्याङ्कनको आधारमा)** | | |
| | वैदेशिक रोजगार वा अध्ययनमा जाने नागरिक वा निजको परिवार | ०.१ % | ०.१% |

| | | | |
|---|---|---|---|
| | कृषि प्रयोजनको लागि | ०.०५% | ०.०५% |
| | व्यापारिक प्रयोजनको लागि | ०.२५% | ०.२५% |

**६४ घरबाटो प्रमाणित दस्तुर (घरबाटो सिफारिस)**

| | | | |
|---|---|---|---|
| **कालोपत्रे वा ढलान सडकले छोएको जग्गा** | | | |
| | ५ धुर सम्मको लागि | ५००.०० | ५००.०० |
| | १० धुर सम्मको लागि | १०००.०० | १०००.०० |
| | १ कट्ठा सम्मको लागि | १५००.०० | १५००.०० |
| | १ कट्ठा भन्दा बढी प्रति कट्ठा थप | १००.०० | १००.०० |
| **ग्राभेल तथा कच्ची मोटरबाटोसँग जोडिएको जग्गा** | | | |
| | १ कट्ठा सम्मको लागि | २५० | २५० |
| | ५ कट्ठा सम्मको लागि | ४०० | ४०० |
| | १० कट्ठा सम्मको लागि | ६०० | ६०० |
| | १० कट्ठा भन्दा बढी प्रति कट्ठा थप | ८० | ८० |
| **अन्य बाटोले नछोएको जग्गा** | | | |
| | १ कट्ठा सम्मको लागि | १५०.०० | १५०.०० |
| | ५ कट्ठा सम्मको लागि | २००.०० | २००.०० |
| | १० कट्ठा सम्मको लागि | ५००.०० | ५००.०० |
| | १० कट्ठा भन्दा बढी प्रति कट्ठा थप | ५०.०० | ५०.०० |
| ६५ | **न्यायिक समिति दस्तुर (प्रति थान)** | | |
| | उजुरी दर्ता दस्तुर | १००.०० | १००.०० |
| | प्रतिवाद दस्तुर | १००.०० | १००.०० |
| | नक्कलल दस्तुर (प्रति पाना) | ५.०० | ५.०० |
| | मिलापत्र शुल्क (प्रत्येक पक्षबाट) | ५००.०० | ५००.०० |
| | न्यायिक समिति - निवेदन दस्तुर | १००.०० | १००.०० |
| | प्रतिउत्तर दस्तुर | १००.०० | १००.०० |
| | अमिन सेवा शुल्क दस्तुर | ५००.०० | ५००.०० |
| | न्यायिक समिति - प्रमाणित प्रतिलिपी दस्तुर | ५.०० | ५.०० |
| ६६ | **आयोजना पुस्तिका** | | |
| | रु ५ लाख सम्म लागत भएका योजनाहरु | २००.०० | २००.०० |
| | रु १० लाख सम्म लागत भएका योजनाहरु | ३००.०० | ३००.०० |
| | रु २५ लाख सम्म लागत भएका योजनाहरु | ५००.०० | ५००.०० |

| | | | |
|---|---|---|---|
| | रु २५ लाख भन्दा वढी लागत भएका योजनाहरु | १०००.०० | १०००.०० |
| ६७ | उपभोक्ता समिति दर्ता शुल्क | २००.०० | २००.०० |
| ६८ | उपभोक्ता समिति नवीकरण | १००.०० | १००.०० |
| ६९ | खानेपानी तथा जलस्रोत समिति दर्ता | ५००.०० | ५००.०० |
| ७० | खानेपानी तथा जलस्रोत समिति नवीकरण | ३००.०० | ३००.०० |

| **३** | **घर नक्सा पास दस्तुर** | | |
|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **आ.व. २०८२/०८३** | **आ.व. २०८३/०८४** |
| १ | नक्सापास निवेदन फारम दस्तुर (नक्सा पास किताब) | २००.०० | २००.०० |
| २ | पक्की घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | ३.०० | ३.०० |
| ३ | पक्की घरको लागि पर्खाल निर्माण प्रति वर्गफिट दस्तुर | २.०० | २.०० |
| ४ | कच्ची घरको प्रति वर्गफिट दस्तुर | १.०० | १.०० |
| ५ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | १०००.०० | १०००.०० |
| ६ | नगरपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा (मापदण्ड अनुरुप निर्माण भएको) भएमा मात्र प्रति वर्ग फिट | ३.०० | ३.०० |
| ७ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट | १०००.०० | १०००.०० |
| ८ | नक्सा नामसारी तथा नवीकरण वापत (प्रति वर्ग फुट) | ३.०० | ३.०० |
| ९ | घरको छतमा वा दायावाया साइटमा अगाडी पछाडी अस्थायी संरचना निर्माण | २.०० | २.०० |
| १० | व्यापारिक भवन नक्सा पास दस्तुरमा | ५० प्रतिशत थप लाग्ने | |
| ११ | संस्थागत हाउजिङ प्रयोजनको लागि भवन नक्सा पास दस्तुरमा | १०० प्रतिशत थप लाग्ने | |
| १२ | नक्सा संसोधन गर्नु परेमा उपरोक्तानुसारका दरमा थप दस्तुर लाग्ने | २५ प्रतिशत थप लाग्ने | |

## अनुसूची ११
### (ऐनको दफा १२ सँग सम्बन्धित)
### (पर्यटन शुल्क)

ऐतिहासिक, पुरातात्विक स्थलहरुको र अन्य मनोरञ्जन स्थलहरुमा विदेशी तथा आन्तरिक पर्यटकहरुलाई लगाइने प्रवेश शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।